## दुध उत्पादक कृषकहरुलाई प्रोत्साहन स्वरुप अनुदान दिने कार्यक्रम निर्देशिका, २०७९

प्रस्तावनाः सिम्ता गाउँपालिकाको आ.ब.०७९/०८० को स्वीकृत बार्षिक कार्यक्रम अनुसार कृषकहरुलाई पशुपालनतर्फ आकर्षित गराएर दुध उत्पादनमा बृद्धि गराउने र कृषकहरुलाई पशुपालनमा प्रोत्साहन गर्न बञ्छनीय भएकोले सिम्ता गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ को अधिनमा रही "दुध उत्पादक कृषकहरुलाई प्रोत्साहन स्वरुप प्रति लिटर दुधमा अनुदान कार्यक्रम निर्देशिका, २०७९" तयार गरी जारी गरेकोछ ।

### परिच्छेद-१
### प्रारम्भिक

१) **संक्षिप्त नाम र प्रारम्भः** क) यस कार्यविधिको नाम"दुध उत्पादक कृषकहरुलाई प्रोत्साहन स्वरुप प्रति लिटर दुधमा अनुदान कार्यक्रम निर्देशिका, २०७९" रहेको छ ।

ख) यो कार्यबिधि सिम्ता गाउँकार्यपालिका बाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२) **परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "निर्देशिका" भन्नाले गाउँपालिकाको "दुध उत्पादक कृषकहरुलाई प्रोत्साहन स्वरुप दिने अनुदान कर्यक्रम निर्देशिका, २०७९" लाई सम्झनु पर्नेछ ।

ख) "गाउँपालिका" भन्नाले सिम्ता गाउँपालिकालाई समझनु पर्नेछ ।

ग) "अध्यक्ष" भन्नाले सिम्ता गाउँपालिकाको निर्वाचित अध्यक्षलाई सम्झनु पर्नेछ ।

घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नेपाल सरकारले प्रमुख प्रशासकीय अधिकृतको रुपमा कामकाज गर्न खटाईएको अधिकृतलाई सम्झनु पर्नेछ ।

ङ) "वडा" भन्नाले सिम्ता गाउँपालिकाका वडालाई सम्झनु पर्नेछ ।

च) "अनुदान छनौट समिति" भन्नाले यस निर्देशिका बमोजिम गठित समितिलाई सम्झनु पर्नेछ ।

छ) "कार्यक्रम" भन्नाले सिम्ता गाउँपालिकाको आ.ब.०७९/०८० को स्वीकृत बार्षिक कार्यक्रम प्रतिलिटर दुधमा अनुदान कार्यक्रम सम्झनु पर्नेछ ।

ज) "पशुपन्छी विकास शाखा" भन्नाले सिम्ता गाउँपालिकाको पशुपन्छी विकास शाखालाई सम्झनु पर्नेछ ।

### परिच्छेद-२
### अनुदान छनौट समिति

३) सिम्ता गाउँपालिकाका कृषकहरुलाई उत्पादनमा आधारीत दुधमा प्रोत्साहन अनुदान छनौट समितिमा देहाय बमोजिमका पदाधीकारी संयोजक तथा सदस्य रहनेछन ।

क) गाउँपालिका अध्यक्ष - संयोजक

ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ) आर्थिक विकास समिति संयोजक – सदस्य

ङ) पशुपन्छी विकास शाखा प्रमुख – सदस्य सचिव

अनुदान छनौट समितिको बैटकमा आवश्यकता अनुसार गाउँपालिकाका पदाधिकारी, कर्मचारी वा बिज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

**४) अनुदान छनौट समितिको काम, कर्तव्य र अधिकार**

क) अनुदान छनौटका लागि आवश्यक नीति तथा योजना तर्जुमा गर्ने ।

ख) निर्देशिका वा कार्यविधिको कार्यान्वयनमा कुनै दुविधा भए सोको निराकरणका लागि सहजीकरण गर्ने ।

ग) अनुदानबाट सञ्चालित कार्यक्रमको नतिजा प्राप्तिको सुनिश्चितता गर्ने ।

घ) अनुगमन तथा मुल्याङकन प्रणालीलाई प्रभावकारी बनाई अनुदान प्राप्त कार्यक्रम/आयोजनाको अनुगमन गर्ने/गराउने ।

**परिच्छेद- ३**

**कार्यक्रम सञ्चालन प्रक्रिया**

५) **कार्यक्रम संचालन तथा व्यवस्थापन प्रक्रियाः** सिम्ता गाउँपालिकाको बार्षिक स्वीकृत कार्यक्रममा उल्लेख भए बमोजिम हुनेछ । कृषकहरुलाई कार्यक्रमको जानकारीका लागि १५ दिनको सूचना पशुपन्छी विकास शाखाले प्रत्यक महिनाको अन्तिममा प्रकाशन गर्नेछ, सो सूचना सिम्ता गाउँपालिकाको सूचनापाटी तथा सबै वडाहरुमा समेत पठाईनेछ ।

६) **कार्यक्रम संचालन गरिने संख्या निर्धारणः** सिम्ता गाउँपालिकाको बार्षिक कार्यक्रममा बिनियोजित बजेटको आधार अनुसार हुनेछ ।

७) **कार्यक्रम संचालनका लागि कृषक छनौटका आधार र संचालन प्रक्रिया देहाय बमोजिम हुनेछ :**

क) कार्यक्रम संचालनका लागि कृषकहरुको गाउँपालिका स्तरीय अनुदान छनौट समितिले छनौट गरी अनुमोदनका लागि कार्यपालिका समक्ष पेश गर्नेछ ।

ख) दुध उत्पादक कृषकहरुले आधिकारिक निकायमा दर्ताभएका डेरीमा मात्र दुध बेचेको हुनुपर्नेछ ।

ग) दुध उत्पादक कृषकले न्युनतम बार्षिक ५०० लिटर दुध बेचेको हुनुपर्नेछ ।

घ) दुधको मापन (Standard) नेपाल सरकारले तोके बमोजिम हुनुपर्नेछ ।

ङ) दुध उत्पादक कृषकले निवेदनका साथमा सम्बन्धित डेरी बाट दुध बेचेको रेकर्ड बुझाउनु पर्नेछ ।

च) पालिका स्तरीय अनुदान छनौट समितिले स्थलगत अध्ययन, अवलोकन गरि प्राप्त प्रस्ताव उपर आर्थिक र प्राविधिक रुपले बुश्लेषण र मुल्याङकन गर्नेछ ।

छ) कार्यक्रमको अनुगमन पशुपन्छी विकास शाखाले गर्नेछ ।

ज) दुध उत्पादक कृषकले प्रतिलिटर ३ रुपैया अनुदान पाउने छ ।

झ) दुध मापन (Standard) को खाका सम्बन्धित डेरीलाई पशुपन्छी विकास शाखाले उपलब्ध गराउनेछ ।

८) **सम्झौता र भुक्तानीः** प्रतिलिटर दुधमा अनुदान कार्यक्रम संचालन गर्दा देहाय बमोजिम सम्झौता र भुक्तानी हुनेछ ।

**(क) सम्झौता**

सिम्ता गाउँपालिकाले छनौट भएको अनुदान ग्राहीसंग अनुसूची १ मा भएको सम्झौता अनुरुप हुनेछ ।

**(ख) भुक्तानी**

अनुदान रकम अनुदान ग्राहीको बैंक खाता मार्फत भुक्तानी गर्नुपर्नेछ । भुक्तानी दिने बेलामा कृषकले दुध बिक्रि गरेको रेकर्ड र दुधको नेपाल सरकारले तोके बमोजिमको मापन(Standard) सम्बन्धीत डेरी बाट ल्याएको हुनुपर्नेछ । साथै पशुको बीमा अनिवार्य गरेको हुनुपर्नेछ ।

**९) कृषकले पेश गर्नुपर्ने कागजातहरु,**

१) नागरिकताको प्रतिलिपि

१) फर्म दर्ता भएमा प्रमाणपत्रको प्रतिलिपि

२) सम्बन्धीत वडाको सिफारीस

३) कृषकले दुध बिक्रि गरेको रेकर्ड

आज्ञाले

ओम प्रकाश देवकोटा

प्रमुख प्रशासकीय अधिकृत